गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
प्रदेश नं. २ नेपाल

# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
## प्रदेश नं. २, नेपाल

## सेवा करारमा खरिद गर्ने सम्बन्धि सुचना
**( प्रथम पटक सुचना प्रकाशन मितिः२०७६।०८ ।०८ गते )**

यस गोलवजार नगरपालिका नगर कार्यपालिकको कार्यालय गोलबजारमा देहायका पदहरुको २०७७ साल असार मसान्त सम्मको लागी सेवा करारमा खरिद गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही माग गरिएको पद र सेवा संग सम्बन्धित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ ( पन्ध्र ) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१. नगर कार्यपालिकाको कार्यालय, अर्न्तगतका वडा कार्यालय तथा स्वास्थ्य चौकी तर्फ सेवा करारमा नियुक्ति गर्ने पदहरु :

(क) नगर प्रहरी

| क.सं. | विज्ञापन नं. | पद | पद संख्या |
|---|---|---|---|
| १. | १/०७६-७७ | नगर प्रहरी सहायक निरिक्षक | १ |
| २. | २/०७६-७७ | नगर प्रहरी हवल्दार | २ |
| ३ | ३/०७६-७७ | नगर प्रहरी जवान | ७ |
| जम्मा | | | १० |

(ख) सहायक कम्प्यूटर अपेरेटर, कानुनी सल्लाहकार, खेलकुद प्रशिक्षक, कार्यालय सहयोगी, सवारी चालक, पाले /चौकीदार,माली र स्वीपर

| क.सं. | विज्ञापन नं. | पदको किसिम | पद संख्या |
|---|---|---|---|
| ३. | ४/०७६-७७ | सहायक कम्प्यूटर अपेरेटर | १० |
| ४. | ५/०७६-७७ | कानुनी सल्लाहकार ( पाँचौ ) | १ |
| ५. | ६/०७६-७७ | खेलकुद प्रशिक्षक ( चौथो ) | १ |
| ६. | ७/०७६-७७ | हेभी/ हलुका सवारी चालक | ८ (७ हेभी तथा १ हलुका सवारी चालक) |
| ७. | ८/०७६-७७ | कार्यालय सहयोगी | १३ |
| ८. | ९/०७६-७७ | स्वीपर / मेस्तर | १० |
| जम्मा | | | ४३ |

३. परीक्षाको किसिम

विज्ञापन नं. १/०७६-७७, २/०७६-७७ र ३/०७६-७७ को हकमा : शारीरिक तन्दरुस्ती, स्वास्थ्य परीक्षण र अन्तरवार्ता
विज्ञापन नं. ४/०७६-७७ : प्रयोगात्मक शिप परिक्षण र अन्तरवार्ता
विज्ञापन नं. ५/०७४-७५ र ६/०७६-७७ : अन्तरवार्ता
विज्ञापन नं. ७/०७६-७७ : प्रयोगात्मक परिक्षण र अन्तरवार्ता
विज्ञापन नं. ८/०७६-७७ र ९/०७६-७७ : अन्तर्वार्ता

**४. परीक्षा केन्द्र :** गोलबजार नगर कार्यपालिकाको कार्यालय, गोलबजार सिरहा

**५. दरखास्त दस्तुर :**

विज्ञापन नं. १/०७६-७७ देखि ७/०७६-७७ सम्मका हकमा : रु. ५०० ( पाँच सय ) मात्र ।
विज्ञापन नं. ८/०७६-७७ र ९/०७६-७७ को हकमा : रु २००। (दुई सय) मात्र ।

**६. दरखास्त दस्तुर बुझाउने स्थान :** नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा

**७. दरखास्त दस्तुर बुझाउने अवधि : १५ दिन ( १५ औं दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन )**

**८. दरखास्तको माध्यम :** कार्यालयमा स्वयं उपस्थित भई दरखास्त दिनुपर्नेछ ।

**९. दरखास्तदिने अन्तिम मिति : २०७६ मंसिर २२ गतेसम्म**

**१०. उम्मेदवारको उमेरको हद :**

**(क)** विज्ञापन नं. नं. १/०७६-७७, २/०७६-७७ र ३/०७६-७७ को हकमा : १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको ।

**(ख) बाँकी सबै विज्ञापनका पदहरुको हकमा :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका (महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

**११.परीक्षा कार्याक्रम :** दरखास्त दिने अन्तिम दिनको भोलीपल्ट जानकारी गराइनेछ ।

**१२. पदमा रही गर्नुपर्ने कामको विवरण :** पदको प्रकृति अनुसार कार्यालयले तोके बमोजिम ।

**१३. तलब सुविधा :** सेवा करार सम्झौतामा आपसी सहमतीमा सम्झौता भए बमोजिम ।

**१४. सेवा गनुपर्ने निकाय :** कार्यालय वा कार्यालय अन्तरगतका वडा कार्यालयहरु र विभिन्न स्वास्थ्य चौकीहरु

**१५. आवश्यक न्यूनतम् योग्यता :**

(क) **विज्ञापन नं. १/०७६-७७, २/०७६-७७ र ३/०७६-७७ को हकमा :**

**शैक्षिक योगग्यता:**

विज्ञापन नं. १/०७६-७७ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र उतिर्ण, विज्ञापन नं. २/०७६-७७ को हकमा SEE वा SLC वा सो सरह उतीर्ण गरेको र विज्ञापन नं. ३/०७६-७७ को हकमा ८ ( आठ ) कक्षा उतीर्ण गरेको ।

**शारिरीक योगग्यता:**

- आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जि. भएको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
  भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ख) **विज्ञापन नं. ४/०७६-७७ :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कम्प्यूटर विषय लिई प्रविणता प्रमाण पत्र उतिर्ण वा अन्य विषय लिई प्रविणता प्रमाण पत्र उतिण गरी मान्यता प्राप्त संस्थाबाट ३ महिने कम्प्यूटर तालिम प्राप्त गरेको ।

(ग) **विज्ञापन नं. ५/०७६-७७ :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक उतिर्ण गरी लाईसेन्स प्राप्त गरेको ।

(घ) **विज्ञापन नं. ६/०७६-७७ :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविनता प्रमाण पत्र हासिल गरी मान्यता प्राप्त संस्थाबाट खेलकुद प्रशिक्षक सम्बन्धित तालिम प्राप्त गरेको ।

(ङ) **विज्ञापन नं. ७/०७६-७७ :**

- हेभि र हलुका सवारी चालक अनुमती पत्र ( लाईसेन्स ) प्राप्त गरेको ।

(च) **विज्ञापन नं. : ८/०७६-७७ :र ९/०७६-७७**

- साधारण लेखपढ गर्न जान्ने ।

१६. छनौट तथा सिफारिश समितिले उम्मेदवारको शैक्षिक योग्यता, स्थानीयता, तालमि प्राप्त योग्यता तथा कार्य अनुभवको अंक गणना गरी उम्मेदवारको संक्षिप्त सूचि तयार गरी नामावली प्रकाशन गर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**नगर कार्यपालिकाको कार्यालय,गोलवजार**